नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
# उद्योग विभाग
त्रिपुरेश्वर, काठमाडौं
नेपाल ।

## सूचना! सूचना!! सूचना!!!

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ चैत्र १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीको बुँदा नं. ६६ मा "साना उद्योग दर्ता प्रक्रियामा रहेको दोहोरो अभ्यास अन्त्य गरी रू.२५ करोडसम्मका उद्योगहरूलाई एकीकृत रूपमा घरेलु तथा साना उद्योग कार्यालय मार्फत मात्र दर्ता हुने व्यवस्था गर्ने" भन्ने उल्लेख भएको हुँदा रू.२५ करोडसम्म स्थिर पूँजी भएका स्वदेशी लगानीका उद्योगको दर्ता तथा दर्ता पश्चात्का कार्य यस विभागबाट नभई प्रदेश सरकार मातहतका उक्त कार्यालयहरूबाट हुने र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको (मा. मन्त्रिस्तर) को मिति २०८३।०१।१० को निर्णयानुसार हाल उद्योग विभागमा रहेका रू.२५ करोडसम्म स्थिर पूँजी भएका स्वदेशी लगानीका उद्योगहरूका अभिलेख फायल प्रदेश सरकारका उद्योग सम्बन्धी विषय हेर्ने मन्त्रालय मार्फत जिल्ला स्थित घरेलु तथा उद्योग कार्यालयहरूमा पठाउने भन्ने भएकोले उक्त फायलहरू प्रदेश सरकारका उद्योग सम्बन्धी विषय हेर्ने मन्त्रालयमा हस्तान्तरण गर्नका निम्ति पत्राचार गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिएको छ।

२०८३।१।२३

उर्मिला खतिवडा
निर्देशक

मितिः २०८३।०१।२३
ने.सं. ११४६ वछलागा